# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office Of Rural Municipal Executive

शिक्षा युवा तथा खेलकुद शाखा

पत्र संख्या : २०८०/०८१
Ref.No :2080/081
चलानी नं. : 2642

तेतरिया,मोरङ्ग
Tetariya,Morang
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

मिति : २०८१।०२।१६
ने.स.११४४ वछलाग ६ बुधबार

**बिषयः जानकारी गराउने सम्बन्धमा ।**

श्री सबै सामुदायिक विद्यालयहरु
ग्रामथान गाउँपालिका , मोरङ ।

प्रस्तुत बिषयमा शिक्षा विकास तथा समन्वय इकाइ मोरङको चं नं. १७६१ मिति २०८१।०२।०३ गतेको प्राप्त पत्रानुसार सामुदायिक विद्यालयमा कार्यरत शिक्षक / कर्मचारीहरुले विभिन्न राजनितिक दलको सदस्यता लिएको,दलको कार्यकारणी समितिमा रहेको,महाधिवेशन प्रतिनिधिको पदमा रहि राजनितिक दलमा आवद्धता भएका शिक्षक/कर्मचारीहरुले राजनितिक दलको सदस्यता लिएको भए दलको सदस्यता त्याग गरेको जानकारी सात (७) दिन भित्र यस कार्यालयमा बुझाउनहुन अनुरोध छ । तोकिएको समयमा जानकारी प्राप्त नभएको कारणले पछि सो सम्बन्धमा यस पालिका कार्यालयमा कुनै उजुरी/सूचना प्राप्त हुन आएमा सोको विवरण आवश्यक कारबाहीका लागि सम्बन्धीत निकायमा पठाउने ब्यहोरा समेत जानकारीका लागि अनुरोध छ । साथै इकाइबाट प्राप्त पत्रको छायाँकपी यसै पत्र साथ संलग्न छ । सो बाट समेत बिषयको ब्यहोरा अवगत हुने जानकारी सम्बन्धीत सबैमा जानकारी गराइन्छ ।

..............................
हरिप्रसाद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री शिक्षा विकास तथा समन्वय इकाइ, बिराटनगर, मोरङ ।
श्री सूचना प्रविधि शाखा Website मा अपलोड गरिदिनु हुन ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# शिक्षा विकास तथा समन्वय इकाइ

मोरङ, विराटनगर

च.नः १६६१

मितिः२०८१/०२/०३

विषयः विवरण उपलब्ध गराई दिने सम्वन्धमा ।

श्री स्थानीय तह (सबै)
शैक्षिक प्रशासन महाशाखा/शिक्षा शाखा, मोरङ ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको च.नं. २०१ मिति २०८१/०१/०७ गतेको पत्रानुसार सामुदायिक विद्यालयमा कार्यरत शिक्षक/कर्मचारीहरुले विभिन्न राजनीतिक दलको सदस्यता लिएको, कार्यकारिणी समितिमा रहेको, महाधिवेशन प्रतिनिधि भएको जस्ता विषय उल्लेख गरी मन्त्रालयमा पर्न गएका निवेदनहरुको सम्वन्धमा राजनैतिक दलमा संलग्न शिक्षक/कर्मचारीलाई शिक्षा ऐन, २०२८ (संशोधन सहित) को दफा १६ङ को उपदफा (५) को खण्ड (छ) अनुसार शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा सो शिक्षक वा कर्मचारीलाई पदवाट हटाइनेछ भन्ने व्यवस्था र राजनीतिक दल सम्वन्धी ऐन, २०७३ को दफा १४ को उपदफा (२) को खण्ड (ग) अनुसार वहालवाला प्राध्यापक, शिक्षक वा कर्मचारीको पदमा वहाल रहेको व्यक्तिलाई राजनीतिक दलको सदस्यता वितरण गर्न नहुने भन्ने कानूनी प्रावधान र सो आधारमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई समेत विपक्षी वनाई उच्च अदालत पाटनमा दायर भएको रि.नं.०७८-wo-०४०८ नि.नं. ३६६ को उत्प्रेषण, परमादेश समेतको मुद्दामा "राजनीतिक दल सम्वन्धी ऐन, २०७३ को दफा १४ र दफा ५७ तथा शिक्षा ऐन, २०२८ को दफा १६ ङ को उपदफा (५) को खण्ड (छ) मा रहेको कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ" भन्ने उच्च अदालतको फैसला र उपरोक्त कानूनी व्यवस्थाका आधारमा त्यस्ता अवस्थाका शिक्षक वा कर्मचारीलाई पदवाट हटाई सोको जानकारी मन्त्रालयमा गराउने र यस्तै प्रकृतिका उजुरी निवेदनको सम्वन्धमा निरन्तर कारवाही गर्ने भन्ने निर्णय भई आएको हुँदा उक्त संघीय विधायिकी ऐन/कानूनको प्रावधान र अदालतको फैसलाको कार्यान्वयनको लागि आफ्नो स्थानीय तह अन्तर्गतका सामुदायिक विधालयमा कार्यरत शिक्षक वा कर्मचारीको राजनैतिक दलमा आवद्धता वा पदत्याग विषयमा प्राप्त हुन आएको उजुरी, सूचना वा विवरण देहाय अनुसार यस कार्यालयमा जानकारी गराई दिनु हुन अनुरोध छ।

| क.स | शिक्षकको नाम | तह/श्रेणी | स्थायी/करार/राहत/अनुदान | राजनीतिक दल | जिम्मेवारी लिएको पद | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

वोधार्थः
शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुर।

सूचना अधिकारीः ९८५२०८१००५
विधालय प्रशासनः ९८४२०३१६१४
edcumorang@gmail.com

टंक प्रसाद गौतम
इकाइ प्रमुख
(उपसचिव)